# महान्यायाधिवक्ताको कार्यालयको प्रेस विज्ञप्ति

महान्यायाधिवक्ताको कार्यालयमा माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा मिति २०७७ श्रावण १८ गते आइतबार बसेको समन्वय समितिको बैठकबाट एसीड तथा यस्तै प्रकारका अन्य रासायनिक पदार्थको आयात, उत्पादन, बिक्री वितरण तथा ओसारपसार, निर्यात, संचय, नष्ट गर्ने तथा त्यसको अनुगमन तथा नियमनका विषयमा आवश्यक पर्ने कानूनी तथा संस्थागत संरचना निर्माण गर्ने बारेमा अध्ययन गरी १ (एक) महिना भित्र सुझाव सहितको प्रतिवेदन यस समिति समक्ष पेश गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरिएको छ ।

| | |
|---|---|
| श्री विश्वराज कोइराला, नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | -संयोजक |
| श्री हुमबहादुर के. सी., सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | -सदस्य |
| प्रतिनिधि, (सहसचिव स्तर), गृह मन्त्रालय | -सदस्य |
| प्रतिनिधि, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा अन्तर्गतका निकाय (तीन जना) | -सदस्य |
| डा. विकास देवकोटा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | -सदस्य |
| श्री रोशनी कार्की, उपसचिव, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | -सदस्य |
| श्री ज्ञानप्रसाद भुसाल, उपन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | -सदस्य सचिव |